# गण्डकी प्रदेश सभा

**दशौं अधिवेशन**

**बैठक संख्या -८**

**सूचनापत्र – २**

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**मिति: २०८३ साल जेष्ठ २२ गते शुक्रबार**

---

गण्डकी प्रदेश सभाको आजको बैठक **माननीय सभामुख कृष्ण प्रसाद धितालको** अध्यक्षतामा दिनको **११:२०** बजे प्रारम्भ भयो।

तत्पश्चात माननीय सभामुखले  माननीय प्रदेश प्रमुख श्री डिल्लीराज भट्टले मिति २०८३ साल जेठ १९ गते मंगलबार गण्डकी प्रदेश सभाको बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम माथिको बाँकी छलफल प्रारम्भ गर्नुभयो ।सो छलफलमा माननीय खगराज अधिकारी, माननीय हरि बहादुर चुमान, माननीय पन्चराम गुरुङ, माननीय भेष बहादुर  पौडल, माननीय राजकुमारी भुजेल, माननीय दमयन्ती रुचाल, माननीय प्रकाश बराल, माननीय गणेशमान गुरुङ र माननीय सुधिर कुमार पौडलले भाग लिनुभयो ।

तत्पश्चात गण्डकी सभा नियमावली, २०८० को नियम ३७ को उपनियम (३) बमोजिम माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेले  माननीय प्रदेश प्रमुखले गर्नुभएको सम्बोधनमा उल्लिखित गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम माथिको छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ  दिनुभयो ।

तत्पश्चात माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेले  नेपालको संविधानको धारा १८४ को उपधारा (२) तथा गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम ३५ को उपनियम (१) बमोजिम माननीय प्रदेश प्रमुखले मिति २०८३ साल जेठ १९ गते मंगलबारका दिन गण्डकी प्रदेश सभामा गर्नु भएको सम्बोधनमा उल्लिखित गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम पारित गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात माननीय सभामुखले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा सभाले  उक्त प्रस्ताव **सर्वसम्मतिले** पारित गर्यो ।

तत्पश्चात गण्डकी प्रदेश सभा, सामाजिक विकास तथा कृषि समितिका माननीय सभापति श्री दमयन्ती रुचालले  सामाजिक विकास तथा कृषि समितिको वार्षिक प्रतिवेदन, २०८३ सभा समक्ष प्रस्तुत गर्नुभयो ।

तत्पश्चात माननीय सभामुखले सभाको अर्को बैठक मिति २०८३ जेष्ठ २९ गते दिनको  १:०० बजे बस्ने गरी आजको बैठक दिनको **२:१२** बजे स्थगित गर्नुभयो।

..................

(गोविन्द पौडेल)

प्रदेश सभा सचिव